mail: info@besishaharmun.gov.np
eo@info@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## (प्रशासन शाखा)
**बेसीशहर, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

फ्याक्स न. ०६६-५२०२०४
फोन न., , ०६६-५२०१५०

पत्र संख्या. ०७५/७६
च.नं. ६९५

मिति : २०७५/०७/१२

विवरण पठाउने
**विषय : ~~मस्फित्र कार्यान्वयन~~ सम्वन्धमा ।**

**श्री वडा कार्यालय १ देखि ११ सवै,**
**वेसीशहर नगरपालिका ।**

प्रस्तुत विषयमा गृह मन्त्रालय, विपत पुर्वतयारी तथा प्रतिकार्य शाखाको च.न. १०० मिति २०७५/०७/०७ को प्राप्त पत्र साथै जिल्ला प्रशासन कार्यालय लमजुङको च.नं. ११७३ मिति २०७५/०७/०९ गते प्राप्त पत्रको प्रतिलिपी यसै पत्रसाथ पठाइएको हुँदा सो अनुसारको विवरण २ दिनभित्र यस नगरपालिका कार्यालयमा पठाउनुहुन सम्पुर्ण वडा कार्यालयहरुलाई सुचित गरिन्छ ।

वोधार्थ :
श्री सुचना प्रविधि शाखा : website मा अपलोड गर्नुहुन ।

.............................
भीम प्रसाद तिवारी
प्रमुख प्रशासकिय अधिकृत
भीमप्रसाद तिवारी
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
लमजुङ
(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

फोन नं. ०६६-५२०१३३, ५२०२५५
फ्याक्स नं.:- ०६६-५२०१३४
ईमेल:- dao_lamjung@moha.gov.np
वेबसाइट:- www.daolamjung.gov.np

पत्र संख्या :- ०७५/७६
चलानी नं.- ११६३

मिति :-२०७५/०७/०९

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
लमजुङ

**विषयः पूर्व तयारी सम्बन्धी विवरण पठाउने सम्बन्धमा ।**

श्री विपद् सम्पर्क व्यक्ति,
स्थानीय तह सबै,
लमजुङ, गण्डकी प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा नेपाल सरकार गृह मन्त्रालय, विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा, राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र, सिंहदरबार, काठमाडौको प.सं. ०७५/७६ च.नं. १०० मिति २०७५/०७/०७ गतेको प्राप्त पत्रको छायाँप्रति पाना एक यसै पत्रसाथ संलग्न राखी पठाईएको छ । व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई तहाँ स्थानीय तह अन्तर्गत त्यस्ता उच्च जोखिममा रहेको स्थानहरुको पहिचान गरि माग बमोजिमको विवरण संकलन गरि ३ (तीन) दिनभित्र यस कार्यालयमा उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

काजीमान सुनार
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

# गृह मन्त्रालय

विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा
(राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र)

फोन नं. ०१४२००२५८, ४२००२५७
४२००१०५, ४२००२०३
फ्यक्स नं. ०१४२००१०३
Email :- neoc@moha.gov.np
website :- www.drrportal.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०७५।७६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- 900

अत्यन्त जरूरी

मिति २०७५।०७।०७

विषयः पूर्व तयारी सम्बन्धी विवरण पठाउने सम्बन्धमा ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, सबै ।

प्रस्तुत विषयमा शीतलहर, हिमपात जस्ता चिसो मौसम जन्य प्रकोपहरु हुने समय नजिकिदै गरेको सम्बन्धमा तहाँ जिल्लाका उच्च जोखिममा रहेका स्थानहरुको पहिचान गरी प्रभावित हुन सक्ने आर्थिकरुपले अत्यन्त कमजोर समुदाय/परिवार संख्याको एकिन गरी पूर्वतयारी गर्न आवश्यक हुन्छ । सो सम्बन्धमा उद्धार तथा राहतका कार्यहरु समेत गर्नु पर्ने हुँदा देहाय बमोजिमको विवरणको संकलन तथा आंकलन गरी ७ (सात) दिन भित्र उपलब्ध गराईदिनु हुन श्रीमान् सचिवज्यूको आदेशानुसार अनुरोध छ । विवरण संकलन गर्दा धेरै माग सृजना हुन सक्ने कुरामा ध्यान दिई भरसक गोप्यरुपमा संकलन गर्न समेत अनुरोध छ ।

| सि.नं | प्रभावित हुन सक्ने | | | राहत/उद्धार सामग्री | | | | | | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थान | परिवार संख्या | सदस्य संख्या | हाल मौज्दात | | | स्थानीयस्तरमा उपलब्ध हुन सक्ने | | | अतिरिक्त आवश्यक पर्ने | | | |
| | | | | न्यानो कपडा | आश्रय स्थल | दाउरा आदी | न्यानो कपडा | आश्रय स्थल | दाउरा आदी | न्यानो कपडा | आश्रय स्थल | दाउरा आदी | |
| १. | | | | | | | | | | | | | |

(सुशील कुमार भण्डारी)
शाखा अधिकृत